# बिद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४
# (चौथो संशोधन)

## प्रस्तावना

कर लेखा प्रणालीलाई विश्वसनीय, पारदर्शी एवं व्यवस्थित बनाउन बिद्युतीय उपकरणबाट विजक जारी गर्ने तथा लेखा राख्ने प्रयोजनका लागि प्रयोग हुने उपकरण तथा सफ्टवेयरहरुलाई निश्चित मापदण्ड अनुसार व्यवस्थित गर्नु पर्ने भएकाले आन्तरिक राजस्व विभागबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४क को उपदफा (२) र दफा १६क को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बिद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम “बिद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४” रहेको छ ।

ख. यो कार्यविधि मिति २०७४।०९।१६ देखि लागू हुनेछ ।
पहिलो सशोधन २०७५।०२।०९
दोस्रो सशोधन २०७५।११।०८
तेस्रो सशोधन २०७६।०४।१३
चौथो सशोधन २०७६।०९।०९

## परिच्छेद -२
### परिभाषा

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क. “सफ्टवेयर” भन्नाले बिद्युतीय माध्यम प्रयोग गरी बीजक जारी गर्ने वा तत्सम्बन्धी लेखा राख्ने प्रयोजनका लागि प्रयोग गरिएको बिद्युतीय उपकरणमा जडित सफ्टवेयर संस्करण (Software Version) सम्झनुपर्छ ।

ख. “बिद्युतीय उपकरण” भन्नाले बिद्युतीय माध्यमबाट विजक जारी गर्ने वा तत्सम्बन्धी लेखा राख्ने प्रयोजनका लागि प्रयोग गरिने उपकरण सम्झनु पर्दछ । यसले सफ्टवेयर जडित बिलिङ मेशिन, क्यास रजिस्टर, प्वाइन्ट अफ सेल, क्यालकुलेटर वा यस्तै किसिमका सफ्टवेयर जडित अन्य उपकरण समेतलाई जनाउंदछ ।

ग. “व्यक्ति” भन्नाले स्थायी लेखा नम्बर लिई वा नलिई व्यवसायीक कारोबारमा संलग्न प्राकृतिक व्यक्ति वा कानुन बमोजिम दर्ता भएका संस्था, फर्म वा कम्पनी समेत सम्झनुपर्छ ।

घ. “उत्पादक” भन्नाले बिद्युतीय उपकरण तथा सोमा प्रयोग हुने सफ्टवेयर विकास वा निर्माण गर्ने व्यक्ति सम्झनुपर्छ ।

ङ. “विभाग” भन्नाले आन्तरिक राजस्व विभाग सम्झनुपर्छ ।

च. “कार्यालय” भन्नाले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय सम्झनुपर्छ ।

छ.	“बितरक” भन्नाले उत्पादकबाट उत्पादित उपकरण तथा सफ्टवेयर बिक्रि वा वितरणको अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

ज.	“सूचना प्रविधि अधिकृत” भन्नाले विभाग वा अन्तरगतका कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत, सूचना संरक्षण अधिकृत, कम्प्युटर ईन्जिनियर, कम्प्युटर अधिकृत, सूचना प्रविधि निर्देशक वा सूचना प्रविधि विज्ञ सम्झनुपर्छ ।

झ.	“कागजात” भन्नाले सफ्टवेयर सेटअप फाइल (Software Setup File ) , रिक्वायरमेन्ट डकुमेन्ट ( Requirement Document ) , डिजाइन डकुमेन्ट ( Design Document ), युजर म्यानुयल ( User manual), सिस्टम आर्किटेक्चर ( System Architecture ) आदि सम्झनुपर्छ ।

ञ.	“फ्रन्ट इन्ड ( Front end )” भन्नाले सफ्टवेयरमा प्रयोगकर्ताले तथ्याङ्क प्रविष्टी तथा अन्य विवरण भर्ने, भण्डारण गर्ने, रिपोर्ट निकाल्ने तथा छपाइ गर्ने भाग सम्झनुपर्छ ।

ट.	“ब्याक इन्ड (Back End)” भन्नाले सफ्टवेयर प्रयोगकर्ताले प्रत्यक्ष नदेख्ने सफ्टवेयरको कोड फाइल तथा प्रविष्टी भएका डाटा भण्डारण हुने डाटावेस सम्झनुपर्छ ।

ठ.	“केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS)” भन्नाले यस कार्यविधि बमोजिम बिद्युतीय माध्यामबाट विजक जारी गर्ने अनुमति लिएका व्यक्तिहरुको विजक सम्वन्धी गतिविधिहरुको निरन्तर रुपमा अनुगमन गर्न आन्तरिक राजस्व विभागले तयार गरेको केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System) सम्झनुपर्छ ।

ड.	“विद्युतीय बिजक” भन्नाले विद्युतीय उपकरणको प्रयोग गरी सफ्टवेयर मार्फत जारी हुने विजकलाई जनाउँदछ ।

*ढ.	"भुक्तानी प्रणाली संचालक" भन्नाले नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त गरेको भुक्तानी सम्बन्धी कार्यको सञ्चालन, व्यवस्थापन र समाशोधनको कार्य गर्ने संस्था सम्झनुपर्दछ र सो शब्दले समाशोधन गृह, विद्युतीय कार्ड वा अन्य विद्युतीय (अनलाईन) भुक्तानी संचालन गर्ने संस्थालाई समेत जनाउँदछ ।*

*ण.	"भुक्तानी सेवा प्रदायक" भन्नाले नेपाल राष्ट्र बैंकबाट अनुमितप्राप्त गरेको सेवाग्राहीलाई भुक्तानी सम्बन्धी सेवा दिने संस्था सम्झनुपर्दछ र सो शब्दले संस्था र सेवाग्राही बीचमा वस्तु, सेवा, सम्पत्ति वा अन्य दायित्व बापतको रकम भुक्तानी गर्ने, स्वदेश तथा विदेशमा रकम स्थानान्तरण (ट्रान्सफर) गर्ने वा विद्युतीय माध्यबाट भुक्तानी कारोबार सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ ।*

*त.	“विद्युतीय भुक्तानी सम्बन्धी उपकरण” भन्नाले विद्युतीय बैंकिङ्ग, भुक्तानी कार्ड, अन्तर बैंक भुक्तानी, इ-मनि र मोबाईल बैंकिङ्ग लगायतका भुक्तानी उपकरणलाई सम्झनुपर्दछ ।*

*थ.	“उपभोक्ता” भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ को उपदफा (१ख) अनुसार स्वःउपभोगको लागि कुनै वस्तु वा सेवा खरिद गरी विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।*

# परिच्छेद –३

## प्रमाणिकरण तथा अनुमति सम्बन्धी व्यवस्था

### ३. उपकरण तथा सफ्टवेयर सूचीकरण सम्बन्धी व्यवस्था :

क. बिद्युतीय माध्यमबाट विजक जारी गर्ने व्यक्तिले बीजक जारी गर्ने प्रयोजनका लागि यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा गरी विभागमा सूचीकरण गरिएका बिद्युतीय उपकरण तथा सफ्टवेयरहरु मात्र प्रयोग गर्नुपर्नेछ । विभागमा सूचीकरण भएका उपकरण तथा सफ्टवेयरहरुको जानकारी विभागको बेबसाईट (https://ird.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

ख. बिद्युतीय माध्यमबाट विजक जारी गर्न प्रयोग गरिने बिद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरु पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए उत्पादक स्वयंले र

विदेशबाट आयात गरेको भए सोको आधिकारिक वितरक स्वयंले अनुसूची-१ बमोजिमको ढाँचामा प्रमाणीकरण गरी विभागको सूचीकरण गराउनु पर्नेछ । विदेशमा उत्पादन/आयात भएको तर नेपालमा आधिकारिक वितरक नभई प्रयोगकर्ता आफैले मात्र प्रयोग गर्ने गरी सम्झौता भएको भए प्रयोगकर्ता आफैले उत्पादनको तर्फबाट निर्वाह गर्नुपर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ ।

ग. विद्युतीय उपकरण तथा सफ्टवेयर सूचीकरणकर्ताले आफ्नो विद्युतीय उपकरण तथा सफ्टवेयर प्रयोगकर्तालाई अनुसूची – २ बमोजिमको ढाँचामा विद्युतीय उपकण तथा सफ्टवेयर प्रयोग गर्ने सन्दर्भमा स्वीकृति पत्र उपलब्ध गराउनु पर्नेछ र यसरी स्वीकृति पत्र उपलब्ध गराएको जानकारी विभागमा समेत गराउनु पर्नेछ ।

घ. यस अघि यस कार्यविधि बमोजिम विभागबाट प्रमाणीकरण भएका उपकरण तथा सफ्टवेयरहरु समेत स्वत: सूचीकृत भएको मानिने छ।

## ४. अनुमति सम्बन्धी व्यवस्था :

क. कारोबारको सिलसिलामा बिद्युतीय माध्यमबाट विजक जारी गर्न चाहने व्यक्ति वा विभागले विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने गरी तोकिएका व्यक्तिले कार्यालयबाट अनुमति लिएर मात्र विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्नेछ । यसरी विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यक्तिलाई विभागले "केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS)" मा आबद्ध गर्नुपर्ने गरी समेत तोक्न सक्नेछ ।

ख. विद्युतीय माध्यमबाट विजक जारी गर्ने व्यक्तिले अनुमतिका लागि अनुसूची-३ बमोजिमको ढाँचामा सो अनुसूचीमा उल्लेख भएका कागजातहरु संलग्न गरी सम्बन्धीत कार्यालयमा निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिंदा कुनै करदाताको कारोवारको स्थल एकभन्दा बढी भै विभिन्न शाखाहरुबाट समेत कारोवार गर्ने भएमा त्यस्ता करादाताले शाखाहरुको विवरण र उक्त शाखाहरुमा प्रयोग गरिने सफ्टवेयरको सम्बन्धमा समेत विस्तृत रुपमा खुलाई निवेदन गर्नुपर्नेछ । त्यस्तो निवेदन गर्दा शाखाहरुबाट समेत कारोवार गर्ने करदातहरुले मूल कार्यालयमा जुन सफ्टवेयर प्रणाली प्रयोग गर्ने गरी अनुमति प्राप्त गरेको छ शाखाहरुल समेत सोही सफ्टवेयर प्रणाली प्रयोग गर्नुपर्ने छ।

ग. खण्ड (ख) बमोजिम कुनै व्यक्तिको निवेदन पर्न आएमा कर अधिकृत/सूचना प्रविधि अधिकृतले प्रस्तावित बिद्युतीय सफ्टवेयर विभागमा सूचीकृत भए नभएको साथै अनुसुची ४ बमोजिमका मापदण्ड पुरा गरे नगरेको बिषयमा प्रतिवेदन लिनु पर्नेछ ।

घ. निवेदनसाथ संलग्न कागजातको आधारमा कर अधिकृत/सूचना प्रविधि अधिकृतले अभिलेख राखी अनुसूची– ४ ले तोकेको ढांचामा अनुमति पत्र प्रदान गर्नको लागि कार्यालय प्रमुख समक्ष पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

ङ. खण्ड (घ) बमोजिम निर्णय गर्दा Cloud Base Computing System प्रयोग गर्ने ब्यक्ति तथा विभागले सूचना जारी गरी तोकेका अन्य ब्यक्तिको हकमा बिद्युतीय माध्यमबाट जारी गर्ने विजक सम्बन्धी तथ्यांक विजक जारी गर्दाकै बखत विभागको केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS) मा प्रयोग गरिएको केन्दीय सर्भरमा पठाउने व्यवस्था सुनिश्चित भएको यकिन गर्नुपर्नेछ ।

च. खण्ड (घ) बमोजिम कार्यालय प्रमुखले अनुमतिपत्र प्रदान गर्ने निर्णय गरे पश्चात कार्यालयबाट निवेदकलाई बिद्युतीय माध्यमबाट विजक जारी गर्ने अनुमतिपत्र प्रदान गर्नुपर्नेछ ।

छ. कार्यालय तथा कार्यालयबाट खटिई आउने कर अधिकृत तथा सूचना प्रविधि अधिकृतलाई बिद्युतीय माध्यमबाट विजक जारी गर्न प्रयोग गर्ने उपकरण तथा सफ्टवेयर एवं सो को संचालन प्रणालीको सन्दर्भमा कार्यविधिमा उल्लेख मापदण्डहरु पूरा भएको प्रत्याभूति दिलाउने कर्तव्य निवेदक स्वयंको हुनेछ ।

ज. यो कार्यविधि जारी हुनु भन्दा अघि "कम्प्युटर विजक सम्बन्धी कार्यविधि, २०७१" बमोजिम कम्प्युटरको माध्यमबाट विजक जारी गर्न कार्यालयबाट अनुमति लिई सकेका ब्यक्तिहरुले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र यस कार्यविधि बमोजिमका मापदण्डहरु पुरा गरी बिद्युतीय माध्यमबाट विजक जारी गर्न पुनः अनुमति लिनु पर्नेछ ।

# परिच्छेद -४

## बिद्युतीय उपकरण तथा सफ्टवेयर सम्बन्धी मापदण्ड

**५. उपकरणको मापदण्ड :** बिद्युतीय माध्यमबाट विजक जारी गर्नको निमित्त प्रयोग गरिने उपकरण करदाता स्वयंबाट उत्पादित वा अरुबाट उत्पादित वा आयातित जुनसुकै किसिमको हुन सक्नेछ । तर उक्त उपकरणमा देहाय बमोजिमका मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।

क. बिद्युतीय माध्यमबाट विजक जारी गर्नको निमित्त प्रयोग गरिने उपकरणबाट प्रशोधित तथ्यांक सोहि उपकरणमा रहेको सफ्टवेयरमा स्वतः भण्डारण हुने व्यवस्था गर्नुपर्नेछ र सोमा विभागको पहुँच रहने व्यवस्था हुनुपर्नेछ ।

ख. उपकरणका साथ उत्पादकको नाम, बितरकको नाम, निजहरुको सम्पर्क ठेगाना, उत्पादन मिति तथा प्रयोग अवधि भए सो समेतको बिवरण संलग्न भएको हुनुपर्नेछ ।

ग. उपकरणको युजर म्यानुअल (User Manual) नेपाली वा अंग्रेजी भाषामा छपाइ गरिएको वा सफ्टवेयर फाइलको रुपमा तयार गरी राखिएको हुनुपर्नेछ ।

घ. उपकरणमा जडित विजक सम्वन्धी सफ्टवेयरमा यसै कार्यविधिको दफा ६ वमोजिमको मापदण्ड समेत पुरा भएको हुनु पर्नेछ ।

ङ. उपकरणमा प्रयोग गरिने सफ्टवेयर, डाटावेस तथा सिस्टम आर्किटेक्चर (System Architecture) को विषयमा अवस्था अनुसार विभागले थप स्पष्टताको माग गर्नसक्नेछ ।

**६. सफ्टवेयरको मापदण्ड :** बिद्युतीय माध्यमबाट विजक जारी गर्नको निमित्त प्रयोग गरिने सफ्टवेयर करदाता स्वयंबाट उत्पादित वा अरुबाट उत्पादित वा आयातित जुनसुकै किसिमको हुन सक्नेछ। तर उक्त सफ्टवेयरमा देहाय बमोजिमका मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।

क. सफ्टवेयर अनिवार्य रुपमा डाटावेस म्यानेजमेन्ट सिष्टम (Database Management System) मा आधारित हुनु पर्नेछ । सो डाटावेस म्यानेजमेन्ट सिष्टमले आधारभूत रुपमा स्ट्रक्चर्ड क्वेरी ल्यांग्वेज (Structured Query Language) मा लेखिएको क्वेरी (Query) प्रशोधन गर्न सक्ने हुनुपर्दछ ।

ख. डाटावेसमा एक पटक प्रविष्ट भैसकेका तथ्याङ्क मेट्न नमिल्ने गरी व्यवस्था गरेको हुनुपर्नेछ ।

ग. डाटावेसमा गरिएका सम्पूर्ण कार्यको स्वचालित रुपमा विवरण राख्ने व्यवस्था गरिएको लग आर्काइभ इन्यावल्ड (Log Achieve Enabled) हुनु पर्नेछ । डाटावेसमा प्रविष्ट गरिएका तथ्याङ्कको व्याकअप (Backup) गरेर राख्ने र आवश्यक परेको अवस्थामा रिकभर (Recovery) गर्न सक्ने व्यवस्था हुनुपर्नेछ ।

घ. डाटावेसमा राखिएका हरेक रेकर्डमा सोको प्रविष्टि मिति, समय, रेकर्डको प्रभावग्राहिता तथा प्रयोगकर्ताको पहिचान सम्बन्धी जानकारी हुनुपर्नेछ ।

ङ. डाटावेसमा हरेक आर्थिक वर्षमा सिलसिलेबार रुपमा विजकसंख्या जारी गर्ने गरी अनुसूची—५ बमोजिम एट्रिब्यूट (Attribute) भएको टेवल (Table) वा म्याटरिएलाइज्ड भ्यू (Materialized View) को साथै सो विवरण हेर्न र छपाइ गर्न मिल्ने गरी रिपोर्टको व्यवस्था भएको हुनुपर्नेछ ।

च. फ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) द्वारा एक आर्थिक बर्षमा सिलसिलेवार विजक नम्बर भएको विजक एकपटक मात्र छपाई गर्न मिल्ने गरी व्यवस्था गरिएको हुनु पर्नेछ । कुनै कारणबश उक्त विजकको प्रतिलिपि पुनः

छपाइ गर्नु परेमा विजकमा “प्रतिलिपि” वा "Copy of Original" भन्ने वाक्यांश प्रष्ट देखिने गरी विजक छपाइ हुनुपर्नेछ। यसरी प्रतिलिपि छपाइ गरेको कुनै पनि विजक कति पटक छपाइ भएको हो सो संख्या समेत विजकमै उल्लेख हुनुको साथै सो तथ्याङ्क भण्डारण हुने र सो सम्बन्धी तथ्याङ्क अनुसन्धानको क्रममा हेर्न मिल्ने समेत व्यवस्था हुनुपर्नेछ।

छ. खण्ड (च) बमोजिम छपाइ हुने विजकमा आवश्यकता अनुसार मूल्य अभिबृद्धि कर ऐन २०५२, आयकर ऐन २०५८, अन्तःशुल्क ऐन २०५८ सँग सम्बन्धित प्रचलित ऐन बमोजिमका प्रावधानहरु पुरा भएको हुनुपर्नेछ र सो विजक सम्बन्धित ऐनले तोकेको ढाँचामा हुनुपर्नेछ ।

ज. जारी गरिसकेको विजक कुनै कारणवस रद्द गर्नु परेमा सोको कारण जनाई रद्द गर्न सक्ने प्रावधान राख्न सकिनेछ । यसरी विजक रद्द गर्दा सोको विवरण मास्टर विल (अनुसूची ५) मा समेत अद्यावधिक हुनुपर्नेछ । यसरी रद्द गरिएका विजक सम्बन्धी सम्पूर्ण विवरण हेर्न तथा छपाइ गर्न सकिने गरी रिपोर्टको व्यवस्था भएको हुनु पर्नेछ ।

झ. फ्रन्ट इन्ड एप्लिकेशन ( Front End Application ) मा विजक तथा बिक्री सम्बन्धी बिवरण अनुसूची ६ मा तोकेको ढाँचामा हेर्न र छपाइ गर्न सक्ने व्यवस्था हुनु पर्नेछ ।

ञ. फ्रन्ट इन्ड एप्लिकेशन ( Front End Application ) मा प्रत्येक प्रयोगकर्ताले गरेको कार्यको अडिट ट्रेल रिपोर्ट/एक्टिभिटी लग ( Audit Trail Report/ Activity log हेर्न र छपाइ गर्न सक्ने व्यवस्था भएको हुनुपर्नेछ ।

ट. सफ्टवेयरमा प्रविष्ट भैसकेका कुनै पनि तथ्याङ्क मेट्न नसकिने हुनुपर्नेछ । कुनै कारणवश हुने गल्तिहरु सच्याउनका लागि फ्रन्ट इन्ड एप्लिकेशन ( Front End Application ) मा रेकर्डको प्रभावग्राहिता अन्त्य गरी नयां अभिलेख राख्ने व्यवस्था हुनु पर्नेछ । यसरी सच्याइएका रेकर्डहरुको छुट्टै रिपोर्ट समेत हेर्ने तथा छपाइ गर्ने व्यवस्था सफ्टवेयरमा मिलाइएको हुनुपर्नेछ ।

ठ. सफ्टवेयर को डाटावेस मा भएका विभिन्न तालिकाहरु (Table) एक्सेल (Excel) वा एक्सएमएल (XML) तथा पिडिएफ ( PDF Format) फरम्याट मा फ्रन्ट इन्ड एप्लिकेसन ( Front End Application ) बाट एक्स्पोर्ट वा डाउनलोड (Export or Download) गर्न मिल्ने हुनुपर्नेछ ।

ड. फ्रन्ट इन्ड एप्लिकेसनमा निश्चित प्रकारको आधिकारिक प्रयोगकर्ता (Authorized User ) प्रयोग गरी डाटावेस तथा लग आर्काइभ (Log Archive) को व्याकअप (Backup ) गरेर राख्ने व्यवस्था मिलाइएको हुनु पर्नेछ ।

ढ. सफ्टवेयरको युजर म्यानुअल ( User manual ) नेपाली वा अंग्रेजी भाषामा छपाइ गरिएको र सफ्टवेयरमै हेल्प (Help) फाइलको रुपमा समेत राखिएको हुनुपर्नेछ ।

ण. सफ्टवेयर Web service/Web-API मार्फत विभागको केन्द्रीय विजक अनुगमन प्रणाली ( CBMS) मा प्रयोग गरिएको केन्द्रीय सर्भरमा तथ्यांक भण्डारण गर्न सक्ने गरी तयार भएको हुनु पर्नेछ ।

त. बिद्युतीय माध्यमबाट विजक जारी गर्ने व्यक्तिले विद्युतीय भुक्तानी सम्बन्धी उपकरणको माध्यमबाट भुक्तानी सेवा उपलब्ध गराउँदा मूल्य अभिवृद्धि कर रकमको दश प्रतिशतले हुने रकम उपभोक्तालाई फिर्ता गर्ने प्रयोजनको लागि सफ्टवेयरले अनुसूची ८ बमोजिमको विवरण भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकलाई नेपाल राष्ट्र बैंकले निर्धारण गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार स्वःचालित रुपमा पठाउनु पर्नेछ ।

थ. खण्ड (त) बमोजिम विद्युतीय भुक्तानीमा बीजक सम्बन्धी विवरण, भुक्तानी सम्बन्धी विवरण तथा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी विवरण, कारोबार संकेत नम्बर एवम् प्रणालीमा हुने क्रियाकलापहरुको लग (एक्टिभिटि ट्रेल) डाटावेसमा स्वःचालित रुपमा सुरक्षित राख्नु पर्नेछ ।

७. **Cloud Base Computing** सम्बन्धी मापदण्डः बिद्युतीय माध्यमबाट विजक जारी गर्नको निमित्त प्रयोग गरिने उपकरण बाहेक अन्यत्र मूल सर्भर (Central Server) राखी सोही सर्भरबाट दफा ६ बमोजिमका मापदण्ड पुरा भएका विजक सम्बन्धी सफ्टवेयरमा तथ्याङ्क भण्डारण हुनेगरी विजक जारी गर्नुपर्ने भएमा देहाय बमोजिमका मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।

क. आफ्नै स्वामित्वमा रहेको मूल सर्भर (Central Server) मार्फत विजक सम्बन्धी सफ्टवेयर प्रयोग तथा तथ्याङ्क भण्डारण हुनेगरी विजक जारी गर्नुपर्ने भएमा देहाय बमोजिम हुनुपर्नेछ ।

१) सो मूल सर्भर नेपाल राज्य भित्र रहनु पर्ने र त्यस्तो स्थानको बिषयमा विभाग तथा सम्बन्धित कार्यालयलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

२) सो मूल सर्भरमा विभाग तथा सम्बन्धित कार्यालयको पहुंच रहने व्यवस्था हुनुपर्नेछ ।

ख. अन्य व्यक्तिको स्वामित्वमा रहेको सर्भर (Central Server) भाडामा लिई वा सो सम्बन्धी सेवा मात्र लिई विजक सम्बन्धी सफ्टवेयर प्रयोग तथा तथ्याङ्क भण्डारण हुनेगरी विजक जारी गर्नुपर्ने भएमा देहाय बमोजिम हुनुपर्नेछ ।

१) सर्भर संचालन गर्ने व्यक्ति समेत नेपालमा दर्ता रहेको हुनुपर्नेछ।

२) सर्भर नेपाल राज्य भित्र रहेको र त्यस्तो स्थानको बिषयमा विभाग तथा सम्बन्धित कार्यालयलाई पूर्व जानकारी गराएको हुनुपर्नेछ।

३) सर्भरमा विभाग तथा सम्बन्धित कार्यालयको पहुंच रहने व्यवस्था हुनुपर्नेछ ।

४) सर्भर Multi-Tenancy Architecture मा आधारित हुनुपर्नेछ अर्थात कुनै एक व्यक्तिको तथ्यांक अर्को ब्यक्तिको तथ्यांकसंग नमिसिने गरी अलग अलग भण्डारण हुनुपर्नेछ ।

५) सफ्टवेयर उत्पादक/वितरक, सर्भर संचालन गर्ने व्यक्ति र विजक जारी गर्ने व्यक्ति बिच तथ्यांक भण्डारण तथा सुरक्षा सम्बन्धी व्यवस्था खुल्ने गरी अनुसूची ७ बमोजिमको ढाँचामा सम्झौता भएको हुनुपर्ने र सो सम्झौताको प्रति विभाग तथा सम्बन्धित कार्यालयमा समेत बुझाएको हुनुपर्ने ।

ग. बहुराष्ट्रिय कम्पनि (Multinational Companies) हरुको हकमा देश बाहिर मूल सर्भर (Central Server) राखी सोही सर्भरबाट विजक सम्बन्धी सफ्टवेयर प्रयोग तथा तथ्याङ्क भण्डारण हुनेगरी विजक जारी गर्नुपर्ने भएमा देहाय बमोजिम हुनुपर्नेछ ।

१) त्यस्ता व्यक्तिले आफ्ना विजक सम्बन्धी गतिविधिहरु विजक जारी गर्दाकै बखत छुट्टै अडिट लग सर्भर (**Audit Log Server**) मा स्वतः भण्डारण हुने व्यवस्था हुनुपर्नेछ ।

२) खण्ड (१) बमोजिमको अडिट लग सर्भर (**Audit Log Server**) नेपाल राज्य भित्र रहनु पर्ने र त्यस्तो स्थानको बिषयमा विभाग तथा सम्बन्धित कार्यालयलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

३) सो सर्भरमा विभाग तथा सम्बन्धित कार्यालयको पहुंच रहने व्यवस्था हुनुपर्नेछ ।

# परिच्छेद -५

## संचालन सम्बन्धी व्यवस्था

### ८. विजक जारी गर्ने सम्बन्धी व्यवस्थाः

क. बिद्युतीय माध्यमबाट विजक जारी गर्ने अनुमति प्राप्त व्यक्तिले आफ्नो हरेक कारोबारमा अनुमति प्राप्त बिद्युतीय माध्यमबाट विजक जारी गर्नुपर्नेछ ।

ख. कुनै व्यक्तिलाई खण्ड (क) बमोजिम विजक जारी गर्न सक्ने अवस्था बिद्यमान नरहेमा निजले कार्यालयको पूर्व स्वीकृती लिएर मात्र अन्य माध्यमबाट विजक जारी गर्न सक्नेछ ।

ग. विभागबाट तोकिएका करदाताहरुले बिद्युतीय माध्यमबाट जारी गरेका विजक सम्बन्धी तथ्यांक विजक जारी गर्दाकै बखत विभागको केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS) मा प्रयोग गरिएको केन्द्रीय सर्भरमा पठाउने व्यवस्था गर्नुपर्नेछ ।

घ. बिद्युतीय माध्यमबाट विजक जारी गर्न अनुमति प्राप्त ब्यक्तिले अनिवार्य रुपमा हरेक आर्थिक वर्षको डाटावेस (Database) र लग ( log ) को व्याकअप ( Backup ) राख्नुपर्नेछ । सो व्याकअप कारोबारको लेखा सुरक्षित राख्नुपर्ने अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

# परिच्छेद – ६
# बिविध

## ९. विजक प्रणालीको अनुगमन सम्बन्धी व्यवस्थाः

क. विभागले यस कार्यविधि बमोजिम कुनै पनि ब्यक्तिले प्रयोग गरेको बिद्युतीय विजक प्रणालीलाई विभागमा रहेको केन्द्रीय विजक अनुगमन प्रणाली (CBMS) संग आवद्ध गरी बिद्युतीय विजक प्रणालीमा भएका गतिविधिहरुको निरन्तर रुपमा अनुगमन गर्न सक्नेछ ।

ख. खण्ड (क) मा उल्लेख भएदेखि बाहेक विभाग वा कार्यालयले करदाताले प्रयोग गरेको बिद्युतीय विजक प्रणाली, सोमा प्रयोग गरिएको उपकरण तथा सफ्टवेयर एप्लिकेशनको सम्बन्धमा जुनसुकै समयमा अनुगमन तथा परीक्षण गर्न वा गराउन सक्नेछ र यस क्रममा विभाग वा कार्यालयले सम्बन्धित उत्पादक, वितरक वा यस सम्बन्धी सेवा प्रदायकको समेत अनुगमन गर्न वा गराउन सक्नेछ ।

ग. खण्ड (क) तथा (ख) बमोजिम अनुगमन तथा परीक्षण गर्दा आवश्यक कागजात, प्रविधि तथा उपकरणको व्यवस्था साथै प्राविधिक जनशक्ति लगायत परिक्षण सम्वन्धी अन्य आवश्यक सहयोग समेत निजहरुले उपलब्ध गराउनु पर्नेछ ।

घ. अनुगमनका क्रममा उत्पादक वा वितरक वा प्रयोगकर्ता वा सेवा प्रदायकको तर्फबाट बिद्युतीय विजक प्रणालीको निर्माण, संचालन तथा व्यवस्थापनका सम्बन्धमा यस कार्यविधि वा अनुमतिपत्र साथ तोकिएका शर्तहरुको प्रतिकुल हुने कुनै कार्य भए गरेको पाइएमा सम्बन्धित ऐन तथा नियमावली बमोजिम कारवाही हुनेछ ।

## १०. खारेजी र बचाउः

क. कार्यविधिमा लेखिएका विषयहरु सम्बन्धीत ऐन तथा नियमावलीसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आएमा विभागले त्यस्तो वाधा अड्काउ फुकाउन वा यस कार्यविधिको संशोधन वा व्याख्या गर्न सक्नेछ ।

ग. कम्प्युटरबाट विजक जारी गर्ने सम्बन्धमा यस अघि विभागबाट जारी गरिएका परिपत्र तथा "कम्प्युटर विजक सम्बन्धी कार्यविधि, २०७१" खारेज गरिएको छ । "कम्प्युटर विजक सम्बन्धी कार्यविधि, २०७१" अनुसार भए गरेका सम्पूर्ण काम कारवाहि यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची–१
## (कार्यविधिको दफा ३ (ख) संग सम्बन्धित)

श्रीमान् महानिर्देशकज्यू
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाण्डौ ।

विद्युतीय माध्यमबाट बीजक जारी गर्ने प्रयोजनका लागि मेरो/हाम्रो फर्म/कम्पनीबाट उत्पादन/वितरण गरिएको देहायमा उल्लिखित उपकरण/ सफ्टवेयरमा बिद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ वमोजिमका सम्पूर्ण प्रावधानहरु पूरा भएको प्रमाणीकरण गर्दछु/गर्दछौ । यस सम्बन्धमा पछि कही कतैबाट कुनै मापदण्ड उलंघन भए गरेको देखिएमा कानुन बमोजिम सहन बुझाउन तयार रहेको व्यहोरा अनुरोध गर्दै सूचीकरणका लागि अनुरोध गर्दछु/गर्दछौ ।

### १. उपकरण सम्वन्धी विवरण

| Name of Equipment | Brand Name | Model No |
|---|---|---|
| | | |
| Country of Origin | Date of Manufacturing | Name of Inbuilt Billing Software |
| | | |

| Front End Technology | Back End Technology |
|---|---|
| | |

### २. सफ्टवेयर सम्वन्धी विवरण

| Name of Software | Software Version | Application Brief |
|---|---|---|
| | | |
| Country of Origin | Front End Technology | Back End Technology |
| | | |

### ३. सम्लग्न कागजात:

| निवेदन फारम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात एवं सामग्रीहरु | कागजात एवं सामग्रीहरु संलग्न गरेको /नगरेको |
|---|---|
| क) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि | |
| ख) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | |

**प्रमाणीकरण गर्ने** :

क. उत्पादकको नाम : ख. स्थायी लेखा नं. :

ग. वितरकको नाम : घ. स्थायी लेखा नं. :

ङ. ठेगाना :

च. प्रबन्धक निर्देशक/कार्यकारी निर्देशकको नाम :

छ. दस्तखत :

ज. इमेल ठेगाना : झ. टेलिफोन :

ञ. प्याक्स नं. : ट. मोवाइल नं. :

ठ. वेबसाइट :

| छाप |
|---|

## अनुसूची २
## (कार्यविधिको दफा ३(ग) संग सम्बन्धित)

श्री..................................कार्यालय

..........................

त्यहाँ कार्यालय अन्तर्गत दर्ता रहेका स्थायी लेखा नं................... का ............. फर्म/कम्पनीले आफ्नो कारोवारको सिलसिलामा विद्युतीय माध्यमबाट बीजक जारी गर्न प्रयोजनका लागि मेरो/हाम्रो फर्म/कम्पनीबाट उत्पादन/बितरण गरिएको देहायमा उल्लेखित विद्युतीय उपकरण/सफ्टवेयर प्रयोग गरेमा मेरो/हाम्रो मंजुरी रहेको छ । उक्त उपकरणमा विद्युतीय बीजक सम्बन्धी कार्यविधि २०७४ बमोजिमका सम्पूर्ण प्रावधानहरु पूरा भएको व्यहोरा यस पत्रमा मार्फत अनुरोध गर्दै यस सम्बन्धमा पछि कहि कतैबाट कुनै मापदण्ड उल्लंघन भए गरेको देखिएमा कानून वमोजिम सहन बुझाउन तयार रहेको छु/छौ ।

**१ उपकरण सम्वन्धी विवरण**

| Name of Equipment | Brand Name | Model No |
|---|---|---|
| | | |
| Country of Origin | Date of Manufacturing | Name of Inbuilt Billing Software |
| | | |
| Front End Technology | Back End Technology | |
| | | |

**२ सफ्टवेयर सम्वन्धी विवरण**

| Name of Software | Software Version | Application Brief |
|---|---|---|
| | | |
| Country of Origin | Front End Technology | Back End Technology |
| | | |

**प्रमाणीकरण गर्ने** :

क. उत्पादकको नाम : ख. स्थायी लेखा नं. :

ग. वितरकको नाम : घ. स्थायी लेखा नं. :

ङ. ठेगाना :

च. प्रबन्धक निर्देशक/कार्यकारी निर्देशकको नाम :

छ. दस्तखत :

ज. इमेल ठेगाना : झ. टेलिफोन :

ञ. प्याक्स नं. : ट. मोवाइल नं. :

ठ. वेबसाइट :

## अनुसूची ३
**(कार्यविधिको दफा ४(ख) संग सम्बन्धित)**

श्री ..............................., कार्यालय
............................. ।

मैले/ हामीलेआन्तरिक राजस्व विभागबाट सूचीकृत गरिएको देहायमा उल्लिखित बिद्युतीय विजक सम्वन्धी उपकरण /सफ्टवेयर मेरो /हाम्रो ...........................स्थित मूख्य कार्यालय / शाखाकार्यालयमा प्रयोग गर्नका लागि देहायका कागजात, विवरण रसामाग्री संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

**१ उपकरण/सफ्टवेयरको उत्पादक/वितरक सम्वन्धी विवरण**

क. उत्पादक :
ख. बितरकको नाम :
ग उत्पादक / वितरकको स्थायी लेखा नम्वर :
घ ठेगाना :

**२ प्रमाणीकरण गरिएको उपकरण सम्बन्धी विवरण**

| Name of Equipment | Brand Name | Model No /Serial No |
|---|---|---|
| | | |
| Country of Origin | Date of Manufacturing | Name of Inbuilt Billing Software |
| | | |

| Front End Technology | Back End Technology |
|---|---|
| | |
| Approval No. | Approval Date |
| | |

**३ सफ्टवेयर सम्वन्धी विवरण**

| Name of Software | Software Version | Application Brief |
|---|---|---|
| | | |
| Country of Origin | Front End Technology | Back End Technology |
| | | |

**४. सर्भर सम्बन्धी विवरणः**

| सि.नं. | सर्भरको नाम | सर्भर रहने स्थान |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**५. टर्मिनल्स/कम्प्युटर/टेलरको संख्याः**

**६ सम्लग्न कागजात:**

**क) उपकरण/सफ्टवेयर सम्बन्धी**

| विवरण | कागजात सलग्न गरेको /नगरेको |
|---|---|
| क. उपकरणको Specification | |
| ख उपकरण तथा सफ्टवेयर User Manual | |
| ग. डाटा संशोधन गरे/नगरेको विश्वसनीयता सुनिश्चित गर्नका लागि अपनाइएको विधि | |
| घ. डाटा व्याकअप तथा रिकभरी (Backup /Recovery ) को व्यवस्था | |
| ङ.System Architecture Detail | |

**ख अन्य आवश्यक कागजातहरुः**

| निवेदन फारम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात एवं सामग्रीहरु | कागजात एवं सामग्रीहरु संलग्न गरेको /नगरेको |
|---|---|
| क) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि | |
| ख) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ग) Pen Drive मा सफ्टवेयरको आधिकारीक Setup file | |
| घ)Pen Driveमा २० वटा विजकको नमुना ( sample ) डाटा Excel File मा भरी पेश गर्ने | |
| ङ)अन्य<br>• बीजकमा पहिलो प्रति कर बीजक र दोस्रो प्रति बीजक प्रिन्ट भएको प्रति<br>• सोही बीजकको Reprint गरिएको र सो मा Copy of Original(1) र Copy of Original (2) को प्रिन्ट भएको प्रति<br>• Details of Sales Report<br>• Credit Note/Debit Note जारीको प्रति<br>• बीजक रद्ध गरेको प्रति<br>• Audit Trail Report | |

| | |
|---|---|
| • CBMS को Test Server मा Sync भएको Materialized View को Report<br>• | |

उपकरण / सफ्टवेयर सँग सम्वन्धीत माथी उल्लिखितविवरणहरु सही छन्। यस उपकरण/सफ्टवेयरमा बिद्युतीय विजक सम्वन्धी कार्यविधि २०७४ को परिच्छेद ४ मा उल्लिखित सम्पूर्ण मापदण्डहरु पुरा भएको व्यहोरा प्रमाणित गर्दछु । फरक परेमा प्रचलित कानून बमोजिम सहुंला बुझाँला।

दस्तखत मिति छाप

निवेदकको नामः पद

कम्पनी / फर्मको नाम

स्थायी लेखा नं. : ठेगाना :

इमेल : टेलिफोन नं. :

मोवाईल नं : वेबसाईट. :

अनुसूची –४
(कार्यविधिको दफा ४(घ) अनुसार)

नेपाल सरकार
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
............................... कार्यालय,............।

## बिद्युतीय विजक जारी गर्ने अनुमतिपत्र

श्री ..............................
स्थायी लेखा नं.

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

तपाईले मिति .................. मा बिद्युतीय विजक जारी गर्ने अनुमति पाउँ भनी दिएको निवेदन उपर कार्यवाही हुँदा मिति ................... को निर्णयानुसार त्यस फर्मको..........................स्थित मूख्य कार्यालय / शाखाकार्यालयमा बिद्युतीयविजकसम्बन्धी कार्यविधि, २०७४ मा उल्लिखित शर्तहरु पालना गर्ने गरी बिद्युतीय विजक जारी गर्न यो अनुमति पत्र प्रदान गरिएको छ ।

**१ प्रयोग गरिनेउपकरण/सफ्टवेयरको उत्पादक/बितरक सम्वन्धी विवरण**

क. उत्पादक:
ख. बितरकको नाम :
ग उत्पादक / बितरकको स्थायी लेखा नम्वर :
घ ठेगाना :

**२ प्रयोग गरिने उपकरण सम्वन्धी विवरण**

| Name of Equipment | Brand Name | Model No |
|---|---|---|
| | | |
| Country of Origin | Date of Manufacturing | Name of Inbuilt Billing Software |
| | | |

| Front End Technology | Back End Technology |
|---|---|
| | |

**३ प्रयोग गरिने सफ्टवेयर सम्वन्धी विवरण**

| Name of Software | Software Version | Application Brief |
|---|---|---|
| | | |
| Country of Origin | Front End Technology | Back End Technology |
| | | |

दस्तखतः नामः पदः मितिः

## अनुसूची –५

(कार्यविधिको दफा ६(ङ) संग सम्बन्धित)

डाटावेसमा हरेक आ.व.मा सिलसिलेबार रुपमा विजकसंख्या जारी गर्ने गरी निम्न बमोजिमको एट्रिब्यूट (attribute) भएको टेवल (Table) वा म्याटरिएलाइज्ड भ्यू ( Materialized View ) को साथै हेर्न र छपाई गर्न मिल्ने गरी रिपोर्टको व्यवस्था हुनुपर्नेछ ।

| Field |
|---|
| Fiscal Year |
| Bill_no |
| Customer_name |
| Customer_Pan |
| Bill_Date |
| Amount |
| Discount |
| Taxable_Amount |
| Tax_Amount |
| Total_Amount |
| Sync with IRD |
| IS_Bill_Printed |
| Is_bill_Active |
| Printed_Time |
| Entered_By |
| Printed_by |
| Is_realtime |
| Payment_Method |
| VAT_Refund_Amount (if any) |
| Transaction Id (if any) |

## अनुसूची –६

## (कार्यविधिको दफा ६(झ) संग सम्बन्धित)

बिद्युतीय विजक सफ्टवेयरमाफ्रन्ट इन्ड एप्लिकेशन (Front End Application) मा विजक तथा बिक्री सम्बन्धी बिवरण देहायका ढाँचामा भएको हुनु पर्ने छ ।

१. विजक सम्वन्धी विवरण

क. मूल्य अभिबृद्धि करमा दर्ता भएको हकमा : **Format of Tax Issuance**

**Tax Invoice**

**Bill Number:** **Transactions Date:**
**Seller's PAN :** **Invoice Issue Date:**
**Seller's Name:**
**Address:**
**Purchaser's Name:**
**Address:**
**Purchaser's PAN :**

**Method of payment: Cash /Cheque / Creditor/ other**

| S.No. | Details | Quantity | Per Unit | Total |
|---|---|---|---|---|
| | | | Amount (Rs) | Amount (Rs) |
| | | | | |
| | | | | |
| | | Discount % | | |
| | | Taxable Amount | | |
| | | VAT 13 % | | |
| | | Total | | |

**( In words : ...................................................................... )**

..................................

**Authorized Signature**

**Abbreviated Tax Invoice**

**Bill Number:** **Transactions Date:**
**Seller's PAN :** **Invoice Issue Date:**
**Seller's Name:**
**Address:**
**Purchaser's Name:**
**Address:**
**Purchaser's PAN :**

**Method of payment: Cash /Cheque / Creditor/ other**

| S.No. | Details | Quantity | Per Unit | Total |
|---|---|---|---|---|
| | | | Amount (Rs) | Amount (Rs) |
| | | | | |
| | | | | |

| | | Discount % | | |
|---|---|---|---|---|
| | | Taxable Amount | | |
| | | Total | | |

( In words : ...................................................................... )

..................................

**Authorized Signature**

ख. आयकरमामात्र दर्ता भएको हकमा :

**Invoice**

**Bill Number:** **Transactions Date:**
**Seller's PAN :** **Invoice Issue Date:**
**Seller's Name:**
**Address:**
**Purchaser's Name:**
**Address:**
**Purchaser's PAN :**

**Method of payment: Cash /Cheque / Creditor/ other**

| S.No. | Details | Quantity | Per Unit | Total |
|---|---|---|---|---|
| | | | Amount (Rs) | Amount (Rs) |
| | | | | |
| | | | | |
| | | Discount % | | |
| | | Total | | |

( In words : ...................................................................... )

..................................

**Authorized Signature**

२ विक्री सम्वन्धी विवरणको ढाँचा :

**क. मूल्य अभिबृद्धि करमादर्ता भएको हकमा :**

**Sales Book**

**Name of Firm : ........................**

**PAN : ................**

**Duration of Sales: Month..........Year..............**

| Invoice | | | | Total Sales | Non TaxableSales | Export Sales | Discount | Taxable Sales | |
|---|---|---|---|---|---|---|---|---|---|
| Date | Bill No | Buyer's Name | Buyer's PAN Number | | | | | Amount | Tax(Rs) |
| | | | | | | | | | |
| Total amount | | | | | | | | | |

अनुसूची–७

**(कार्यविधिको दफा ७(ख)(५) संग सम्बन्धित)**

# सम्झौता पत्र

बिद्युतीय विजक सम्वन्धी कार्यविधिको दफा ७(ख)(५) को प्रयोजनको लागिहामीसर्भर सम्बन्धी सेवा सन्चालनमा संलग्न तपशिल बमोजिमकाब्यक्तिहरु बिच सर्भर संचालन गर्ने सम्वन्धमा तपसिल बमोजिमकोसम्झौता गरी आन्तरिक राजस्व विभागमा पेश गरेका छौं।

| सर्भर सेवा प्रदायक | सफ्टवेयर उत्पादक /वितरक | विजक जारी गर्ने व्यक्ति |
|---|---|---|
| म/ हामी बिद्युतीय विजक सम्वन्धी कार्यविधिमा उल्लेखित सम्पूर्ण प्रावधान पालना गरी सेवा प्रदान गर्नका साथै यस कार्यविधिको पालनाको लागि आवश्यक परेको बखत आन्तरिक राजस्व विभागलाई हाम्रो तर्फबाट दिनु पर्ने सम्पूर्ण सेवा दिन मन्जुर छु/छौं। | म/ हामी बिद्युतीय विजक सम्वन्धी कार्यविधिमा उल्लेखित सम्पूर्ण प्रावधान पालना गरी सेवा प्रदान गर्नका साथै यस कार्यविधिको पालनाको लागि आवश्यक परेको बखत आन्तरिक राजस्व विभागलाई हाम्रो तर्फबाट दिनु पर्ने सम्पूर्ण सेवा दिन मन्जुर छु/छौं। | म/ हामी बिद्युतीय विजक सम्वन्धी कार्यविधिमा उल्लेखित सम्पूर्ण प्रावधान पालना गरी सेवा प्रदान गर्नका साथै यस कार्यविधिको पालनाको लागि आवश्यक परेको बखत आन्तरिक राजस्व विभागलाई हाम्रो तर्फबाट दिनु पर्ने सम्पूर्ण सेवा दिन मन्जुर छु/छौं । |
| Signature of Authorized Person : ……. | Signature of Authorized Person : …. | Signature of Authorized Person : …. |
| PAN | PAN | PAN: |
| Name of firm : | Name of firm : | Name of firm : |
| Address : | Address : | Address : |
| Phone No : | Phone No : | Phone No : |
| Name of contact Person | Name of contact Person | Name of contact Person |
| Phone No : | Phone No. | Phone No : |
| Location of Data Center : | Name of Application : | Name of Application |
| IP Address of the VPS or Server : | Support Multi-tenancy : :Yes / No | |
| Server Type: | Database and Version | |
| DR Site Address : | SSL Encryption Enabled : Yes / No | |
| Data Center Compliance/Standard/Tier : VPS / Co-located / Bare Metal | Url or Domain Name : | |
| Stamp : | Stamp : | Stamp : |

## अनुसूची ८
## (कार्यविधिको ६(त) सँग सम्बन्धित)

विद्युतीय विजक सम्बन्धी सफ्टवेयरले निम्न बमोजिमको विवरणहरु विद्युतीय भुक्तानी सम्बन्धी उपकरणका माध्यमबाट भुक्तानी गर्ने सफ्टवेयरमा पठाउनु पर्नेछ।

| विवरण | Data Fields | Remarks |
|---|---|---|
| करदाताको स्थायी लेखा नम्बर | Seller PAN | |
| बीजक नम्बर | Invoice Number | |
| भुक्तानी मिति | Payment Date | |
| कुल रकम | Total Amount | |
| मूल्य अभिवृद्धि कर रकम | VAT | |
| मूल्य अभिवृद्धि करको दश प्रतिशत हुन आउने रकम | 10 Percent of VAT Amount | |
| उपभोक्ता पहिचान नं. | Customer Id | |
| कारोबार संकेत नं. | Transaction Identification No. | |